# छथर जोरपाटी गाउँपालिका, नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९

छथर जोरपाटी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी धनकुटा

प्रदेश नं. १, नेपाल

# छथर जोरपाटी गाउँपालिका, नागरिक स्वास्थ्य-बीमा कार्यक्रम कार्यविधि, २०७९

**प्रस्तावना :**

छथर जोरपाटी गाउँपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रूपमा विद्यमान रहेकोले स्वास्थ्य समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि छथर जोरपाटी गाउँपालिकाको नागरिक स्वास्थ्य बीमा कार्यक्रममा नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न, एवं नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न बान्छनीय भएकोले, छथर जोरपाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ को नियम बनाउने छथर जोरपाटी गाउँकार्यपालिकोको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “छथर जोरपाटी गाउँपालिका, नागरिक स्वास्थ्य-बीमा कार्यक्रम कार्यविधि,२०७९” रहेको छ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'स्वास्थ्य बीमा' भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्झनु पर्छ।

(ख) 'सहुलियत' भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा छथर जोरपाटी गाउँपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) 'योगदान रकम' (प्रिमियम) भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ।

(घ) 'सेवा' भन्नाले स्वास्थ्य बीमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(ङ) 'बीमित' भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ ,

(च) 'बोर्ड' भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ।

(छ) 'पालिका' भन्नाले छथर जोरपाटी गाउँपालिकालाई सम्झनु पर्छ।

(ज) 'कार्यपालिका' भन्नाले छथर जोरपाटी गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(झ) 'कार्यालय' भन्नाले छथर जोरपाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ञ) 'मन्त्रालय' भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) 'गाउँपालिका' भन्नाले छथर जोरपाटी गाउँपालिकालाई सम्झनु पर्छ।

(ठ) 'नागरिक' भन्नाले छथर जोरपाटी गाउँपालिकाको नागरिकलाई सम्झनु पर्छ।

(ड) 'दर्ता सहयोगी' भन्नाले स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

**३. आवद्धता :** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ।

(१) कार्यक्रममा सहभागिताको लागि ५(पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची–१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ बमोजिम हुनेछ ।

**४. आवद्ध हुने माध्यमः**

(१) स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ।

(क) दर्ता सहयोगी मार्फत,

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट,

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखतलाई आधार मान्न सकिनेछ।

## परिच्छेद-३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**५. योगदान रकमः**

(१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची १ बमोजिम हुनेछ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १५ को उपनियम(२), (३), (४), (५) बमोजिम हुनेछ।

**६. व्यहोर्ने योगदान रकम:** (१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १६ को उपनियम (१) को अधिनमा रही नेपाल सरकार, प्रदेश नं.१ सरकार वा छथर जोरपाटी गाउँपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ।

(क) प्रचलित कानून बमोजिम अति गरिवीको परिचयपत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले, (संघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र)

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड), कुष्टरोगी, एच.आइ.भी संक्रमित, जटिल खालको क्षयरोगी (एम.डी.आर.टि.बी) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयंम् सेविका संलग्न भएका परिवारको योगदान रकमको ५० प्रतिशत नेपाल सरकारले,

(ङ) छथर जोरपाटी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा परिवारको योगदान रकमको ५० प्रतिशत रकम गाउँपालिकाले,

**८. सहुलियत प्राप्त हुने प्रक्रिया:** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरूले स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ।

(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ संग सम्बन्धि अनुसूची २ को बीमालेख फाराम (भरिएको),

(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

(ग) पछिल्लो आ.व. को सम्पति तथा भुमि कर तिरेको रसिद।

**९. रकम उपलब्ध गराउने:**

(१) दफा ८ वमोजिम प्राप्त आवेदनहरू दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचवुझ गरी सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिम साझेदारी रकम विमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यपालिकाको कार्यालयबाट योगदान रकम प्रिमियम) मा सहुलियत वापतको रकम थप गरी स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरिनेछ।

## परिच्छेद-४

## समिति, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति:** (१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहाय अनुसारका पद एवं प्रतिनिधित्व रहने गरी पालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) अध्यक्ष | - संयोजक |
| (ख) उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) सामाजिक विकास समितिका संयोजक | - सदस्य |
| (ङ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति मध्ये गाउँपालिका अध्यक्षवाट मनोनित १ जना | - सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**१२. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार :**

(१) पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् :

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन, समिक्षा, पृष्ठपोषण, सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवंम् निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमीयम सहुलीयतका लागी प्राप्त आवेदनहरू छानवीन गरी निर्णय गर्ने।

## परिच्छेद-५

## बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१३. छथर जोरपाटी गाउँकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने:** यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा छथर जोरपाटी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**१४. बिबिध:** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलीत ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

## अनुसूची १

**( बँदा ४.१ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)**

**छथर जोरपाटी गाउँ कार्यपालिकाको कार्यालय**

**जोरपाटी, धनकुटा**

**१ नं. प्रदेश नेपाल**

मितिः

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
जोरपाटी , धनकुटा

**विषय: स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि आवेदन।**

उपरोक्त सम्बन्धमा छथर जोरपाटी गाउँपालिकाको नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि देहाय अनुसार कागजात सहित यो निवेदन फाराम पेश गरेको छु।

आवेदकः
नाम थर :
ठेगानाः
नागरिता नं :
सम्पर्क न :

प्रमाणिकरण मितीः २०७९/०६/०५

आज्ञाले
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत
छथर जोरपाटी गाउँपालिका
जोरपाटी धनकुटा